'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १५० शनिबार १२ माघ, २०८१ 25 (Saturday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## प्याबसन कोहलपुरको खेलकुद सस्मरण

# दोश्रो कोहलपुर प्याब्सन रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता शुरु

नमस्ते समचारदाता
कोहलपुर, माघ/११



निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन 'प्याब्सन' नेपालको दोश्रो प्याबसन कोहलपुर रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता २०८१ शुक्रबारबाट शुरु भएको छ । कोहलपुरको तेह्र विघा खेलमैदानमा बाँके क्षेत्र नं १ का प्रतिनिधिसभाका सदस्य माननीय सुर्य ढकालले सो खेलकुद प्रतियोगिताको समुद्घाटन गरेका हुन । प्याब्सन रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिताको उद्घाटन तथा झण्डोत्तलन पश्चात कार्यक्रमका प्रमुख अतिथि समेत रहेका ढकालले कार्यक्रममा सम्बोधन गर्दै विद्यालय स्तरका खेलकुद प्रतियोगिताहरुले विद्यार्थीहरुलाई अनुशासीत र स्वास्थ्य बनाउने बताए। ढकालले आफ्नो सम्बोधनका क्रममा भने, ' हामीले नयाँ संविधानमा शिक्षा, स्वास्थ्य, खाद्यप्रभुता जस्ता विषयलाई नागरिकका आधारभूत आवश्यकताको रुपमा लिपीबद्ध गरौं। तर त्यसलाई कार्यन्वयन गर्न आवश्यक पर्ने ऐन, कानूनहरु अझै सम्म पनि बन्न सकिरहेका छैनन् । आगामी बजेट अधिवेशन सम्म हामीले ती आवश्यक ऐन, कानूनहरु बन्ने छन् भन्ने कुरामा म विश्वस्त छु ।' सांसद ढकाललेले अगाडि थपे, 'प्याब्सन कोहलपुरले गरिरहेको विद्यालय तहको यस्ता खेलकुद प्रतियोगिताहरुले स्वच्छ, स्वस्थ्य र अनुशासीत जनशक्ती उत्पादन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले यो प्रतियोगिताको महत्व दिर्घकालिन रुपमा सकारात्मक छ। किनभने हामीले विद्यालय तहमै जस्तो ज्ञान, सिप, अनुशासन र क्षमता सिकाउँछौं र कलिला विद्यार्थीहरुको मस्तिस्कमा त्यसले उसको जीवनभरको लागि असर पारेको हुन्छ। त्यस्ले नै उनीहरुको भविश्य समेत निर्धारण गर्ने गर्दछ।' त्यस्तै उद्घाटन कार्यक्रममा शुभकामना मनतव्य राख्दै बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालले खेलकुदले विद्यार्थी भाइबहिनीहरुलाई स्वस्थ्य मात्र बनाउने होइन, खेलकुदले उनीहरुलाई अनुशासित, मर्यादित र सभ्य बन्न समेत सिकाउने भएकाले विद्यालय स्तरका यस्ता खेलकुद प्रतियोगिताहरु धेरै महत्वपूर्ण हुने धारणा राखे । रिजालले भने, 'यो प्याब्सन कोहलपुरले आयोजना गरेको यस प्रतियोगितामा सहभागी भएका विद्यालय तथा विद्यार्थी भाइबहिनीहरुले रचनात्मक रुपमा यो प्रतियोगितामा सहभागी बनेर पालिका, जिल्ला, प्रदेश हुँदै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्मका प्रतियोगिताहरु सम्म पनि प्रतिस्पर्धा गर्न सक्ने खेल क्षमताको विकास गर्नोस् भन्ने मेरो शुभकामना छ ।' त्यस्तै कोहलपुर नगरपालिकाकी उप प्रमुख संगिता सुवेदीले शुभकामना मन्तव्य राख्दै प्याब्सन कोहलपुरले आयोजना गरेको यस रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी सबै विद्यार्थी तथा खेलाडि भाइबहिनीहरुले अनुशासति र मर्यादित भएर आफूले भाग लिएको प्रतियोगितामा उत्कृष्ट हुन आग्रह गरिन । स्थानीय सरकारले समुदायिक विद्यालयहरुमा मात्रै लगानी गरेको र सस्थागत विद्यालयहरुलाई कुनै वास्तै नगरेको भन्ने धेरै गुनासो आए पछि अब देखि स्थानीय सरकारले सस्थागत विद्यालयहरुलाई पनि केही न केही सहयोग गर्नु पर्छ भन्ने सोचाइ बनाएको र आगामी वर्षमा त्यो यहाँले देख्न पाउँनु हुने छ भनिन् । शुक्रबार नै कक्षा १ र २ का विद्यार्थीहरु सहभागी रहेका म्याथरेस, म्युजिकल चेयर, स्पून मार्वेल रेस तथा ५ हजार मिटरको खुला दौड प्रतियोगिताहरु सम्पन्न भएका छन् । जस अन्तरगत म्याथरेसमा सनमबल एकेडेमीका पुष्प कमल वली प्रथम, समता स्कूलका लक्ष्मण खत्री दोश्रो र क्यानभारका स्वस्तिका वली तेश्रो भएका छन् । त्यस्तै म्युजिकल चेयरमा क्यानभासका सन्ध्या योगी प्रथम, शिखा एकेडेमीका एरियाला सोनाम दोश्रो र ग्रिन पिसका खगेन्द्र खाड तेश्रो भएका छन् । त्यस्तै स्पून मार्वेल रेसमा एभरेष्ट सैनिकका प्रिन्स रोकाय प्रथम, भरोसा एकेडेमीका अनमोल महतरा दोश्रो र क्यानभासका विपिका पौडेल तेश्रो भएका छन् । त्यस्तै शुक्रबार विहान सम्पन्न भएको ५ हजार मिटर दौडमा गोर्खा युनाइटेडका कमल भारती प्रथम, दिपज्योती मावि चिस राजेन्द्र परियार दोश्रो र गोर्खा युनाइटेडकै रमित सापकोटा तेश्रो भएका छन् । दोश्रो कोहलपुर प्याब्सन रनिङ्ग शिल्ड खेलकुद प्रतियोगितामा कोहलपुर नगरपालिका अन्तरगतका २८ वटा सस्थागत विद्यालय र बैजनाथ गाउँपालिकामा ६ वटा विद्यालय गरी जम्मम ३४ वटा विद्यालयहरु यस प्रतियोगितामा सहभागी रहेका आयोजकले जानकारी गराएका छन् ।

# वन्यजन्तुको आतंकमा राप्तीसोनारीका विद्यार्थी

नमस्ते समचारदाता
बाँके, माघ/११




बाँकेको राप्ती सोनारी गाउँपालिका-२ मा रहेको श्री लक्ष्मी माध्यमिक विद्यालयका विद्यार्थी र शिक्षकहरूले मानव-वन्यजन्तु द्वन्द्वले सिर्जना गरेको चुनौतीसँग निरन्तर जुधिरहेका छन् । विद्यालयदेखि घरसम्म पुग्ने बाटो मात्र होइन, दैनिक कामहरू पनि डर र त्रासले भरिएका छन् । कक्षा १२ की ललीता कुँवर भन्छीन, "हामी जंगलको नजिकै बस्छौं, जहाँ बाघ र चितुवाको डर सधैं रहन्छ । घरपरिवारले खेतीपाती, पशुपालन, र जंगलमा घाँसदाउरा जाँदा ज्यानकै जोखिम मोल्नुपर्छ ।" समुदायका लागि सञ्चार अभियान नेपाल (सीसीएन)ले आयोजना गरेको "शुक्रबार वातावरण बार" कार्यक्रममा विद्यार्थीसँगै शिक्षकहरूले आफ्ना समस्याहरू खुला रूपमा राखे । सहायक प्रधानाध्यापक डिल्ली बहादुर डाँगीले भने, "हाम्रो समुदायमा वन्यजन्तुबाट हुने क्षतिको समस्या दिनप्रतिदिन बढ्दैछ । आजको छलफलले विद्यार्थीहरूलाई क्षतिपूर्तिको अधिकार, बीमा प्रक्रिया, र न्यायका उपायबारे नयाँ दृष्टिकोण दिएको छ । उनीहरूले यो ज्ञान आफ्ना घर र छरछिमेकसम्म पुर्याउने कुरामा म विश्वस्त छु ।" कार्यक्रमका सहजकर्ता मदन ज्ञवालीले वन्यजन्तुको आनीबानी, राहत निर्देशिका २०८०, र बीमा प्रक्रियाबारे गहन जानकारी दिएका थिए । उनले भने, "राज्यले दिने सेवा सुविधा लिन कुनैपनि झन्झट नमान्नुहोस् । पाँच सय रुपैयाँ खर्च गरेर भए पनि एक सय रुपैयाँको न्याय लिनुपर्छ ।" विद्यार्थीहरूले यो कार्यक्रमलाई शिक्षामात्र नभई जीवनको सुरक्षा र विकासका लागि आवश्यक कदमका रूपमा लिएका छन् । "हामीले आज बीमा प्रक्रियाबारे धेरै कुरा सिक्यौं । यसले हाम्रो परिवारलाई वन्यजन्तुबाट सुरक्षित राख्न सहयोग पुऱ्याउनेछ," ललीता कुँवरले थपिन । वन्यजन्तु आतंकले उनीहरूको मात्र होइन, सिंगो समुदायको भविष्यलाई प्रश्नचिह्नमा राखेको छ । राहत प्रक्रियाको झन्झट, बीमा प्रक्रियाको जानकारी अभाव, र राज्यको सीमित पहुँचले समस्या झनै गम्भीर बनाएको छ । यो कार्यक्रम युएसएडको सहयोग र द एसिया फाउन्डेशन मुख्य कार्यान्वयन संस्था रहेको युएसएड नागरिक समाज तथा सञ्चार कार्यक्रमको साझेदारीमा नेपालगञ्ज स्थित सीसीएन मार्फत् संचालित 'वातावरणीय न्याय र जवाफदेहिताका लागि सीमान्तकृत समुदायको सबलीकरण अभियान' अन्तर्गत गरिएको हो । ७० जना सहभागी रहेको यस कार्यक्रममा विद्यार्थीहरूले आफ्ना आवाज बुलन्द गर्न सफल भए । शुक्रबार वातावरण बारले यी चुनौतीलाई समाधान गर्न नयाँ सोच र सामूहिक प्रयासको आवश्यकता रहेको देखाएको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
सोरु गाउँपालिका
मुगु

# तपाईंले आफूलाई चिन्नु भएको छ ?

विष्णु सापकोटा



पोहोरको पुस महिनाको कुनै साँझ मैले क्षितिजतिर हेरेका बेला संयोगले घाम अस्ताउनै लागेको रहेछ। तत्कालै नगरेर बितिहाल्ने केही थिएन। म जुन स्थितिमा बसेको थिएँ, त्यसैमा बसेर मेरो तर्फबाट घामलाई पूरै डुब्न दिएँ। टाढा क्षितिजमा डुब्ने क्रमका सूर्य हेर्दाहेर्दै म पनि उससँग डुबेर डाँडामुनि पुगेछु। त्यहाँ पुग्दा अचानक मलाई वर्षौंवर्ष पुरानो एउटा रिट्ठो याद आयो। र, त्यो गोलोगोलो परेको रिट्ठोसँग झनक्क रिस उठ्यो। जिन्दगीको मोडमा यो रिट्ठो सम्झन पुगेको साँझसम्म आइपुग्दा मलाई के लाग्थ्यो भने यो संसारमा मानिसको इतिहास मोटामोटी यस्तै हो, जुन पढिएकै छ। यी देश-समाज र धर्म-संस्कृति पनि इतिहासका कस्ताकस्ता संयोगबाट बन्दै-भत्कँदै आएका हुन्, धेरथोर बुझिएकै छ। यो संसारमा मान्छे आफैंले सिर्जना गरेका भीषण असमानता र अन्यायका शृंखलाहरू त छन् नै। तर, मैले आफूले केही गरे पनि वा नगरे पनि, ती असमानतालाई कसरी सम्बोधन गर्ने भनेर कोही लोकतन्त्र र सामाजिक न्याय भन्दै, कोही मार्क्सवाद वा अरू केही भन्दै, वा कोही धर्म र समाजसेवा भन्दै लाखौं मानिस त्यसविरुद्ध जुध्न खटिइरहेकै छन्। हुँदैहुँदै, जिन्दगीको चाल त्यस साँझसम्म आइपुग्दा के लाग्थ्यो भने मैले संसारकै त के, आफ्नैबारे 'चिन्ता गर्नुपर्ने' पनि कुनै तार्किक कारण छैन। जीवनमा अब यसो भइदिए गजब हुन्थ्यो या उसो गर्न पाए भयंकर हुन्थ्यो भन्ने केही थिएन। तर, त्यस्तो मोडमा छु भनेको बेला एकाएक एउटा वर्षौंवर्ष अगाडिको रिट्ठोले मलाई बिथोल्न आएको थियो, जसले यस आलेखको विषयमा प्रवेश गराइरहेको छ। मानिसहरू के विषयमा के सोच्छन् भन्नेमा रुचि हुनु त सामान्य नै भयो। मलाई भने मानिसहरूले के सोच्छन् भन्दा पनि उनीहरूले जे सोच्छन् त्यो किन सोच्छन् भन्नेमा हुन्थ्यो। किनकि तिनले जे विषयमा जुन धारणा बनाउँछन् वा जसरी प्रतिक्रिया जनाउँछन्, त्यही विषयमा अर्को तरिकाले सोच्न पनि त सक्थे। अरूको सोचाइको मात्रै कति 'क्रिटिक' गर्नु, मेरो प्रमुख बौद्धिक सोख नै आफूले जे सोच्छु त्यो किन सोचें भनेर आफैंलाई 'उडाउनु' हुने गरेको थियो। र, समस्याको जरो त्यही थियो। त्यो के भने, जति आफ्ना सोचाइलाई आफैं विनिर्माण गर्छु भनेर आफैंसँग फुर्ती गरे पनि, मैले धेरैजसो केबारे कसरी सोच्छु भन्नेमा म आफैं साँच्चै स्वतन्त्र छु त ? आफू 'बुझ्ने' हुने बेलासम्म आइपुग्दा म यसरी बनिसकेको हुँदोरहेछु कि मैले के सोच्छु भन्ने कुनै हिसाबले पहिल्यै निर्धारित त छैन, जसप्रति मेरो पूर्ण नियन्त्रण सम्भव नै छैन ? अब माथि थालेको कथा पूरा गरौं। म ६-७ वर्षको थिएँ होला। मेरो घर भएको डाँडामा साँझ झमक्क परिसकेको थियो। बाहिर जूनको उज्यालो भएको सम्झना छैन। भित्र अँगेनाछेउ टुकी बलेको हुनुपर्छ। घरको सबैभन्दा सानो सदस्य भएकाले मलाई सुरुमा 'खाना खान आइज बाबु' भनेर आमाले बोलाइएको बेला थियो। म निहुँ खोजेर पिँढीमा अटेर गरिरहेको थिएँ। आमाले दुई-तीन पटक बोलाउँदा पनि डेग नचलेपछि नौ-दस वर्षकी दिदी म भएको ठाउँमा आएर 'किन खान नगएको होस्' भनेर फकाएकी थिइन्। दिदीले 'के भयो भन् न' भनेर खुसुक्क कर गरेपछि मैले रुन्चे स्वरमा 'रिट्ठो' भन्ने शब्द मुखबाट निकालेको थिएँ। रिट्ठो नपाउन्जेल भोक-हडताल गर्ने मैले जनाउ दिएँ। बुबाआमाका घरी फकाउने, घरी थर्काउने द्वैध रणनीतिले मेरो ढिपीको सामु काम गरेन। दिदीले खुसुक्क कानमा सम्झाए जस्तो लाग्छ, 'के बुद्धि हुन् तेरा ? यस्तो राति खाना खाने बेलामा रिट्ठो भनेर दुःख दिने सबैलाई ? कहाँ खोज्न जाने यसबेला रिट्ठो ?' बुबाले भनेजस्तो लाग्छ, 'आँगनमा कतै छ कि एउटा रिट्ठो, हेर् त।' दिदीले भनेजस्तो लाग्छ, 'छैन बुबा, मैले खोजिसकें। यसले अघि (छिमेकी) जामुने दाइको घरमा कसले खेलेको देखेको थियो होला। त्यही भएर यसलाई चाहिएको हो अहिले।' जति फकाए पनि मैले खाना नखाने अड्डी लिएपछि आमा र दिदी लाल्टिन बालेर पन्ध्र मिनट जति उकालो माथिको लमिनी ठूलीआमाकोमा रिट्ठो माग्न जाँदा म पनि सँगै गएको थिएँ। लमिनी ठूलीआमाको घरमाथि रिट्ठोको झ्याङ्ग थियो। रिट्ठो हात पर्दा एकैछिन गमक्क परेको घुमैंलो याद छ। घर फर्कुन्जेल साँझ छिप्पिइसकेको थियो। दिनभरको थकानपछि खाना खाएर सुत्ने तर्खर गरेका सबैजनाको साँझको लय विलय भएको थियो। भयंकर गरें जस्तो गरेर त्यस रात मैले त्यही रिट्ठो च्यापेर सुतेको हुनुपर्छ। दिउँसो कसले खेलेको देखेर वा के कारणले, नपाए मरूँला झैं गर्ने गरी रिट्ठो किन चाहिएको थियो, न मलाई त्यतिबेला थाहा थियो, न त अहिलेसम्मै छ। स्ट्यानफोर्ड विश्वविद्यालयका प्रसिद्ध वैज्ञानिक रोबर्ट स्यापोल्स्कीको एक वर्ष पहिले प्रकाशित 'डिटरमाइन्ड' महिनौं पहिलेदेखि धेरैले प्रतीक्षा गरेको किताब थियो। म पनि त्यसरी पर्खनेमध्यको एक हुनुको प्रमुख कारण उनको पाँच वर्ष पहिले प्रकाशित 'बिहेभ' भन्ने 'मास्टरपिस' किताबको प्रभाव थियो। आफ्नोबारे आफैंले जति 'बुझेको छु' भन्ने लागे पनि आफ्नै कतिपय व्यवहार आफैंलाई अचम्म लाग्ने खालका हुने गर्थे, जसबारे 'बिहेभ' ले धेरै बुझाएको थियो। तैपनि फेरि नयाँ प्रश्नहरू सिर्जना भइसकेका थिए।जसमध्ये एक त्यही रिट्ठाकै बारे थियो। यो विमर्शका लागि त्यो कथा किन महत्त्वपूर्ण भयो भने, दुई-चार महिनाको अन्तरालमा अहिलेसम्म पनि कुनै आकस्मिक साँझ वा दिनको अरू कुनै बेला मलाई कुनै 'रिट्ठो' प्रति 'अब्सेसन' सुरु हुन्छ। कहिले त्यो चीज कुनै नयाँ किताबै होला, जुन तत्काल आफूसँग छैन वा जान मन लागेको ठाउँ नै होला या कहिलेकाहीं अलिक जटिल प्रकृतिको चीज पनि होला। तार्किक रूपमा सोच्दा त्यो प्राप्त गर्न कति जटिलता छन्, थाहा नहुने पनि होइन र त्यो पाइयो नै भने पनि बिम्बमा भन्दा त्यो एउटा रिट्ठो नै हो भन्ने पनि थाहा हुन्छ। त्यसरी भएको 'अब्सेसन' को विसंगति बुझ्दाबुझ्दै, एउटा सचेत निर्णय गरेर त्यसलाई हाबी हुन दिन केले रोक्छ ? चिन्ता नगरे पनि हुने कतिपय विषयमा अकस्मात् किन चिन्ता गरिन्छ ? यत्रो सबै बुझेको छु भनिएको ज्ञान त्यस्तो बेला कहाँ जान्छ ? के साँच्चै मेरा यस्तो प्रकारका आचरण र सोचाइ कतै पहिल्यै निर्धारित वा 'डिटरमाइन्ड' त छैनन् ? न्युरोसाइन्स र दर्शनका धेरै विधा मिसिने यस्ता मसिना विषय मलाई कथा र संस्मरणमार्फत भन्दा बढी सजिलो र रमाइलो लाग्छ। मैले अघि भनेको रिट्ठाको कथा अब सम्झ्यौं भने थाहा भइहाल्छ, हामी 'डिटरमाइन्ड'को केन्द्रीय 'थेसिस' मा प्रवेश गरिसकेका छौं। 'मेटाफोर' मा भन्दा, यस विन्दुमा तपाईंहरू सबैले आफ्ना-आफ्ना जीवनका रिट्ठाहरू एक पटक सम्झनु भए हुन्छ। र, यदि तपाईंले आफ्नो सोचाइलाई 'आफ्नै' भन्ने ठान्नुहुन्छ, आफूले जे सोच्छु, सधैं 'आफैंले' चाहे अनुसार नै सोच्ने गरेको छु भन्ने ठान्नुहुन्छ र तपाईं केमा कसरी खुसी हुनुहुन्छ, कस्तो परिस्थितिमा थाहै नपाई उद्वेलित हुनुहुन्छ, जीवनमा आफूले जे खोजिरहनुभएको छ, त्यो आफूले सोचविचार गरेर गरिरहेको छु भन्ने ठान्नुहुन्छ भने त तपाईंले आफ्ना रिट्ठाहरू के के हुन् भनेर झन् सम्झनैपर्ने हुन्छ। किनकि स्यापोल्स्कीको 'डिटरमाइन्ड' ले तपाईं हामीले 'आफ्ना' भनेका सोचाइहरू नै स्वतन्त्र छैनन् भन्ने जबर्जस्त दार्शनिक र न्युरोसाइन्सको तर्क पेस गर्छ। अर्थात्, 'फ्री विल' भन्नु एक भ्रम हो भनेर अहिलेसम्मका दर्शनशास्त्रमा गरिएका तर्कहरूलाई केलाएर आफ्नो निष्कर्ष पेस गर्छ। मान्छेले इतिहासका कुन युगमा के सोच्दै आएको थियो र आफूलाई के भनेर बुझ्दै-परिभाषित गर्दै आएको छ भन्ने सन्दर्भहरू रोचक त हुने नै भए। आफूलाई बुझ्दै जाने इतिहासको क्रममा मान्छेले आफैंले आफैंलाई बुझ्ने दर्शन पछिल्लो समयमा कहाँ पुगेको होला ? यसका पछिल्ला सैद्धान्तिक 'ट्रेन्ड' हरू के होलान् भनेर म उत्सुकतावश पछ्याउने गर्छु। त्यसक्रममा स्यापोल्स्की पछ्याउँदा कैयन् दार्शनिक मात्रै नभई आध्यात्मिक प्रकृतिका प्रश्नहरूलाई कसरी हेर्ने भन्नेमा समेत नयाँ दृष्टिकोण पाइन्छन्। अध्यात्मका नाममा उल्टापाल्टा गफ दिने र आफूले आफैंलाई 'निर्वाण' प्राप्त गरेको छु भनेर ठोकुवा गर्नेहरूसँग त तर्क गर्ने धेरै ठाउँ हुँदैन। तर, मलाई वेदान्त सोसाइटी अफ न्युयोर्कका प्रमुख, स्वामी सर्वप्रियानन्द साँच्चै नै 'स्वामी' जस्ता नलागेर एउटा अग्ला विद्वान् लाग्छन्। अद्वैत वेदान्त र बृहद् हिन्दु दर्शनका व्याख्याता भए पनि उनले चलनचल्तीका 'भगवान्' का अवधारणालाई खुलेरै 'क्रिटिक' पनि गर्न सक्छन्। एउटा प्रवचनका क्रममा उनले केहीअघि 'डिटर माइन्ड' को सन्दर्भ ल्याएर भनेका थिए, 'स्यापोल्स्कीको यो किताब त एकदम 'अनसेटि्लङ्' (अहिले सम्मका ज्ञान परम्पराका बुझाइलाई हल्लाउने) खालको छ।' र, उनले थपेका थिए, 'यी मान्छे त देख्दा पनि हाम्रा पहिलेका कोही ऋषि जस्ता देखिन्छन्।' मानिससँग 'फ्री विल' हुन्छ कि हुँदैन भन्ने दार्शनिक विचारविमर्श त दुई-तीन हजार वर्षदेखि भई नै रहेको छ। हामी जे कार्य गर्छौं, त्यो स्वतन्त्र रूपमा आफैंले इच्छा गरेर गरिएको हुन्छ कि त्यस परिस्थितिमा त्योभन्दा अर्को केही गर्न सम्भव नभएकाले नै त्यो गरिएको हुन्छ ? हामी जुन सोचाइलाई स्वतन्त्र रूपमा आफैंले सोचेको भन्छौं, त्यो सोच्ने प्रक्रियालाई 'रेगुलेट' गर्ने हामीभित्र कुनै अर्को 'सेल्फ' हुन्छ कि यो स्वचालित हुन्छ ? एउटा सोचाइ वा इच्छा यसै 'हावा' बाट पलाउने हो कि त्यसको पछि थुप्रै पृष्ठभूमि हुन्छन्, जसलाई सम्बन्धित कर्ताले नै कहिल्यै बुझ्न सक्दैन ? 'फ्री विल' छैन भन्ने पक्षका चिन्तकको मत के हुन्छ भने म जसरी आफू बनेको छु, व्यक्तिका रूपमा मेरो जुन 'एजेन्सी' छ जसलाई मैले आफैंले चलाउँछु भन्छु, त्यो नै भ्रम हो। न त मैले कस्तो 'जीन' लिएर जन्मने भन्ने रोज्न पाएको थिएँ, न त कस्तो परिवारमा भन्ने। त्यसलाई छाडेर वर्तमानकै सन्दर्भमा आउने हो भने पनि व्यक्तिलाई ब्रह्माण्डीय वा संसारिक जे भन्दा पनि ऊ यस्ता अन्तरसम्बन्धहरूको जालोबाट बनेको हुन्छ, उसका सबै तत्कालका सोचाइ कुनै 'शून्य' बाट पैदा हुने नै होइनन्। सतहमा व्यक्ति आफूले भर्खर सोचेको कुनै विषयलाई आफैंले सोचेको भन्न त पायो। तर, उसले त्यसरी सोच्ने कुरा एक हिसाबमा पहिल्यै निर्धारित भएको हुन सक्छ। त्यो पहिल्यै एक सेकेन्ड अगाडिको कुनै अर्को सोचाइ वा आफू वरिपरिको घटना पनि हुन सक्छ, एक मिनेट पहिलेको कुनै घटना, आफू गर्भमा छँदा आफ्नो आमाको आर्थिक हैसियत वा त्योभन्दा पनि हजारौं वर्ष पहिलेदेखि आएको 'जीन' को। हामीले जुन व्यक्तित्वलाई 'म' भनेर चिनेका हुन्छौं, त्यो एउटा कामचलाउ बाह्यकर्ता मात्रै हो। हामी को हौं अथवा म को हुँ भन्ने दार्शनिक प्रश्नमा प्रवेश गर्नेबित्तिकै हामी 'फ्री विल' भित्र छिरिहाल्छौं। त्यसैले शताब्दीयौंदेखि यस विषयमा विमर्श भइरहेको त छँदै थियो। निकटका वर्षहरूमा न्युरोसाइन्समा भएका प्रगतिका कारण दार्शनिकहरूको यो विषय वैज्ञानिकहरूको पनि त्यत्तिकै भएको छ। हुन त कुनै पनि ज्ञानको विधा एउटा तहमा पुगेपछि एकाकार हुन्छ। त्यहाँ पुगेपछि दार्शनिक, वैज्ञानिक वा आध्यात्मिक भनेर छुट्याउनै पर्दैन। प्राज्ञिक विज्ञताका आधारमा विज्ञान भए पनि स्यापोल्स्कीको 'डिटरमाइन्ड' लाई बृहद् विधागत प्रकारमा छुट्याउँदा दर्शनशास्त्रमा राख्न सकिन्छ। माथि भनेजस्तो, 'फ्री विल' सम्भव छ कि छैन भन्ने परम्परागत रूपमा दर्शनशास्त्र र अध्यात्मको प्रश्नलाई स्यापोल्स्की 'बायोलोजी' को आधारमा केही कदम अगाडि बढाउँदै भन्छन्– हामीभित्र कुनै दोस्रो 'सेल्फ' वा 'स्व' छैन, जसले हाम्रो शरीरलाई यसो गर भन्न सक्छ, जसले हाम्रो मनलाई यस्तो निर्णय गर भन्न सक्छ। जब हामीसँग त्यस्तो स्वतन्त्र 'स्व' नै छैन, 'फ्री विल' हुन वा हामीले चाहे अनुसार सोच्न र इच्छा गर्न सक्छौं भन्ने सम्भव नै छैन। यति धेरै तत्त्वको ऐतिहासिक संयोगहरूले हामी बनेका हुन्छौं कि हाम्रा सोचाइ र इच्छाका स्रोतहरू पहिल्याएर, अब यस्तो यस्तो कुरा मात्र 'विल' गर्छु, सोच्छु, चाहन्छु भन्न सम्भव छैन। हाम्रो वर्तमान आफ्नो विगतबाट पहिल्यै निर्धारित भइसकेको छ। मैले आफ्नो कुन सोचाइलाई पछ्याउने-नपछ्याउने भनेर, त्यसका कानुनी, नैतिक र व्यावहारिक पाटामा तार्किक विचार गरेर सकेसम्म सजिलो निर्णय लिन त म स्वतन्त्र छु। तर, यी पाटाका आधारमा निर्णय गर्नु भनेको नै 'फ्री विल' नहुनु हो। 'सिन्थेसिस' मा भन्दा, स्यापोल्स्कीले यस पुस्तकमा हाम्रो चेतना (कन्ससनेस) भनेको के हो र यसले कसरी काम गर्छ भनेर पत्रपत्र केलाएका छन्। तार्किक रूपमा सोच्ने मानवीय क्षमता र उसले बनाएका भावनाले कसरी सूक्ष्म रूपमा निरन्तरको अन्तर्क्रिया गर्छन् र कुनै एक निश्चित क्षणमा निश्चित कुराप्रति हामीले कसरी प्रतिक्रिया गर्छौं, कसरी सोच्छौं भन्ने प्रक्रिया जति जटिल छ त्यति नै बौद्धिक रूपमा 'फ्यासिनेटिङ' पनि छ। हाम्रा नैतिकताका स्रोतहरू के हुन् ? असल र खराब भन्ने अवधारणा हाम्रो मनमा कसरी बस्न थाल्छन् ? देखि मान्छेका आनीबानी व्यहोरा कसरी बनेका हुन्छन्, जसको आधारमा हाम्रा सोच्ने प्रक्रिया बनेका हुन्छन् भनेर उनले जसरी मान्छेलाई विनिर्माण गर्छन्, त्यो मलाई ज्याक डेरिडाले गरेको भाषा र सोमा टेकेर दर्शनशास्त्र र पाश्चात्य चिन्तनप्रणालीको विनिर्माण जस्तै हल्लाउने खालको लागेको छ। 'म भनेको को हुँ ?' भन्ने प्रश्न आजको होइन। सायद यो त्यही बेलादेखिको हो जतिबेलादेखि मानिसले धेरथोर सोच्न सक्ने भयो। त्यसपछि उपनिषद्का प्रश्न भन्ने कि भागवत गीताका, अद्वैत वेदान्तका भन्ने कि पाश्चात्य दर्शनका, बुद्धले अर्थ्याएका आफूलाई चिन्ने उपाय भन्ने कि नागार्जुनले व्याख्या गरेको बुद्धको 'शून्य' का, 'पहिले आफूलाई चिन' भनेर त संसारभरका धार्मिक सम्प्रदायले सधैंभरि भनेकै चिज हो। स्यापोल्स्कीको दर्शनले के बताउन खोजेको छ भने यो 'आफूलाई चिन्नु' भन्ने अवधारणा नै एउटा भ्रम हो। किनकि कुनै पनि 'आफू' भित्र एउटा निश्चित, स्थिर, परिभाषा गर्न मिल्ने 'म' भन्ने नै हुँदैन। यो 'म' इतिहासका अनेक प्रक्रिया र संयोगबाट बनेको हुन्छ मात्र होइन, यो निरन्तर बनिरहेको नै हुन्छ। आफूलाई आज चिनें भन्यो, भोलि त्यो अर्कै भइसकेको हुन्छ। हामीले आफूलाई बुझ्ने वा अनुभूत गर्ने जुन यन्त्र छ- मन, मस्तिष्क, अन्तरआत्मा, चेतना जे भने पनि- त्यो त्यही स्वको अंश हो। अनि आफूभित्रको एउटा अंशले आफ्नै अरू अंशहरूको बारे जे बुझ्छ, त्यो स्वतन्त्र हुनै सक्दैन। किनकि त्यसो गर्दा जुन यन्त्रले आफूलाई हेरिरहेको हुन्छ, त्यो हेर्ने यन्त्र नै त्यो 'आफू' भन्दा बाहिर परेको हुन्छ। यसरी हेर्दा, अद्वैत दर्शनमा आफूभित्र हुने एउटा चौथो म, 'तुर्य' अर्थात् चेतनाको जुन अवधारणा छ, जसले हामी आफैंलाई अवलोकन गरिराखेको हुन्छ, त्यो हुन सम्भव छैन। अद्वैतको प्रसंग त स्यापोल्स्कीले ल्याएका छैनन्, तर हामी जे हौं त्यो जीवविज्ञानदेखि 'क्वान्टम फिजिक्स' हुँदै सामाजिक अन्तर्क्रिया आदिका संयोगहरू हौं, जो हामी आफूले निर्धारण गर्ने नै होइन। यति पढुन्जेल कतिपयको मनमा प्रश्न आएको हुन सक्छ, मान्छेहरू चलिराखेकै छन् त ! यत्रा देश दुनियाँ हाँकिइरहेकै छन्, वाद सिद्धान्तदेखि गीत-गजल सबै लेखिएकै छन्। मान्छेको सोचाइ स्वतन्त्र नहुँदो हो त कार्ल मार्क्सले कसरी 'कम्युनिस्ट म्यानिफेस्टो' लेख्दा हुन्, आइन्स्टाइनले कसरी सापेक्षताको सिद्धान्त प्रतिपादन गरेका हुँदा हुन् ? यस्ता 'सामान्य' प्रश्नहरूको हेक्का स्यापोल्स्कीलाई नहोला त ? 'फ्री विल' हुँदैन भन्नुको अर्थ मान्छेले 'फंसनल' रूपमा, दैनन्दिनका काम-कुरा गर्न आफूले स्वतन्त्र निर्णय लिन सक्दैन भन्ने होइन। उसँग एउटा 'लोजिकल' दिमाग त छ नै। 'फ्री विल'को अवधारणा योभन्दा अलिक गहिरो हो। जस्तो, मैले यही लेख लेख्न पनि त आफैंले निर्णय गरेर लेखेको हुँ। यो 'फ्री विल' होइन त ? यो मेरो 'विल' त हो, तर प्रश्न यो 'फ्री' थियो कि थिएन भन्ने हो। खासमा के चाहिँ हो भने, जुन जुन सोचाइका प्रक्रियाबाट म गुज्रिएँ र यस्तो प्रकारका प्रस्तावना सहितको जुन लेख तयार भएको छ, त्यो सबै मैले निर्धारण गरेर भएको होइन। म एउटा 'फंसनल एजेन्सी' मात्र हुँ, जसरी मार्क्स थिए वा तपाईं हुनुहुन्छ। अझ बुझ्ने गरी भन्दा, आफ्नो 'लोजिकल' वा 'फंसनल एजेन्सी' को आधारमै केपी ओली एमाले अध्यक्ष र प्रधानमन्त्री हुन सके। तर, भित्रबाट सकेसम्म आफू बाँचुन्जेल आफु मात्र नेतृत्वमा रहन पाए भन्ने उनको जुन इच्छा छ, त्यो निर्धारित भइसकेको छ। यहाँनेर बल्ल नियम-कानुनको सन्दर्भ आउँछ। संविधान, नियम-कानुन, धर्म-अनुशासन चाहिने भनेकै त्यही भएर हो। कानुन र समाजले मानिसको 'लोजिकल' दिमागलाई सक्रिय बनाउँछ र मन लागी, नलागी हामी समस्यामा नपर्ने गरी 'बिहेभ' गर्न कोसिस गर्छौं। स्वभावैले मान्छे न नैतिक हुन्छ न अनैतिक। ऊ सबै हुन्छ। नैतिक हुँदा 'फाइदा' धेरै हुने भएकाले हामीहरू नैतिक हुन खोज्ने मात्र हो, नैतिकता हाम्रो अन्तरनिहित स्वभाव भएकाले होइन। एक लाख वा करोडलाई 'भिजुअलाइज' गर्न वा दृश्यमा सोच्न त कति कठिन हुन्छ। सोचौं त हाम्रो मस्तिष्कमा औसतमा पचासी अर्ब न्युरोन छन्। एउटा कुनै इच्छा वा सोचको न्युरोन सक्रिय हुन त्यसको अर्को एक न्युरोनसँग कुन सम्बन्ध थियो, अर्कोको अर्कोसँग र अर्कोको अर्कोसँग।

# दोश्रो कोहलपुर प्याबसन रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिताका उद्‌घाटन कार्यक्रमको केहि फोटोफिचर




















# संसदीय समितिलाई पूर्णता

नमस्ते समचारदाता

सुर्खेत, माघ/११



झन्डै १० महिनादेखि नेतृत्वविहीन रहेका कर्णाली प्रदेश सभाका तीन वटा संसदीय समितिले नेतृत्व पाएका छन् । चार वटामध्ये तीन वटा समिति सभापतिविहीन थिए । विधायन समितिबाहेक सार्वजनिक लेखा समिति, अर्थ तथा प्राकृतिक स्रोत समिति र सामाजिक विकास समिति सभापतिविहीन थिए । प्रदेश मामिला तथा विधायन समितिको सभापति कल्याणी खड्का भने यथावत् हुनुहुन्छ । बुधबार तीन राजनीतिक दलले प्रत्येक पदमा एक/एक जनाको उम्मेदवारी दिने आपसी सहमति गरेर एकल उम्मेदवारी दिएपछि ती समितिले नेतृत्व पाउने निश्चित भएको छ । समितिको औपचारिक घोषणा भने बिहीबार बेलुका नै गरेर पदभार गराउने योजना प्रदेश सभा सचिवालयले गरेको छ । सचिवालयका सूचना अधिकारी राजेन्द्र पौडेलका अनुसार सार्वजनिक लेखा समितिको सभापतिमा बिन्दमान विष्ट, अर्थ तथा प्राकृतिक स्रोत समितिको सभापतिमा दक्षिणा शाही र सामाजिक विकास समितिको सभापतिमा पूर्ण बहादुर खत्रीको एकल उम्मेदवारी परेको छ । लेखा समिति प्रतिपक्षले पाउने प्रावधान अनुसार नेकपा माओवादी केन्द्रले विष्टलाई सभापतिमा पठाएको हो । यसअघि उहाँ सोही समितिको सदस्य हुनुहुन्थ्यो ।

# बालबालिकाको उपचार निःशुल्क

नमस्ते समचारदाता

रुकुमपश्चिम, माघ/११




रुकुमपश्चिमको चौरजहारी अस्पतालमा बालबालिकाको उपचार निःशुल्क हुने गरेको छ । अस्पतालले विगतदेखि नै अस्पतालमा भर्ना भएर उपचार गराइरहेका पाँच वर्षमुनिका बालबालिका र 'साथी सेवा' मार्फत १६ वर्षमुनिका बालबालिकाको निःशुल्क उपचार गर्ने गरेको छ । अस्पताल प्रशासक डिलबहादुर गिरीका अनुसार पाँच वर्षमुनिका बालबालिका अस्पताल भर्ना भएपछि लाग्ने सम्पूर्ण औषधी उपचार खर्चका साथै कुरुवासमेतको खाना र बस्ने व्यवस्था अस्पतालले गर्ने गरेको छ । यस कामबापत वार्षिक करिब ९० लाख रुपैयाँ खर्च हुने गरेको छ भने दुई हजार बालबालिकाले उपचार पाउने गरेका छन् । प्रशासक गिरीका अनुसार अस्पतालमा निमोनिया, टाइफाइड, झाडापखाला, श्वासप्रश्वास, हड्डी भाँचिएका लगायतका समस्या भएका बालबालिकालाई भर्ना गरेर उपचार गर्ने गरिएको छ । यसै गरी अस्पतालले विगत सात वर्षदेखि 'साथी सेवा' कार्यक्रमसमेत सञ्चालन गरिरहेको छ । यस कार्यक्रम अन्तर्गत १६ वर्षमुनिका मुटुका रोगी, जन्मजात अपाङ्गता भएका, जलनको समस्या भएका बालबालिकाको उपचार हुने गरेको छ । अस्पताल प्रशासक गिरीले चौरजहारीमै हुने जाँच, उपचार र थप उपचारका लागि रेफर भएमा समेत लाग्ने सम्पूर्ण खर्च बिरामीले तिर्नु पर्दैन । सबै खर्च अस्पतालले नै बेहोर्ने गरेको छ । हरेक वर्ष ४० देखि ४५ जना बालबालिकाले यस कार्यक्रममार्फत सेवा लिने गरेको अस्पतालले जनाएको छ । 'साथी सेवा' मार्फत छोरीको उपचार गराउनुभएका चौरजहारी नगरपालिका-८, सोतीखोलाका डिल्ली शाहीले अस्पताल र उक्त कार्यक्रमले छोरीको उपचार निःशुल्क गरिदिएको बताउनुभयो । उहाँकी नौ वर्षीय छोरी सुमिना शाहीलाई मुटुमा समस्या देखा परेको थियो । शाहीका अनुसार छोरीको मुटुमा प्वाल परेको र एउटा भल्भ सानो थियो । अस्पतालले साथी सेवामार्फत सबै उपचार गरिदिएको छ । सर्वसाधारणका लागि यो ठुलो राहत हो । उहाँका अनुसार करिब १० लाख रुपियाँ खर्च लाग्ने अवस्था रहेकोमा उपचारको सम्पूर्ण खर्च निःशुल्क भएको हो । शाहीले सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रमा छोरीको अपरेसन भएको र अहिले स्वास्थ्य अवस्था राम्रो रहेको जनाउनुभयो । मानव विकास तथा सामुदायिक सेवाद्वारा सञ्चालित यस अस्पतालले सुत्केरी, गरिब तथा असहायका लागि समेत निःशुल्क सेवा सञ्चालन गरिरहेको छ । यस अस्पतालबाट वार्षिक एक लाखभन्दा बढीले उपचार सेवा लिने गरेका छन् ।

# विद्यालयको गेट खस्दा विद्यार्थीको मृत्यु

नमस्ते समचारदाता

कैलाली, माघ/११



कैलालीमा विद्यालयको गेट खस्दा टाउकोमा चोट लागेर विद्यार्थीको मृत्यु भएको छ । कैलारी गाउँपालिका-९ गदरियास्थित जनता माध्यमिक विद्यालयको मुख्य गेट एक्कासि खस्दा सोही ठाउँका करिब ८ वर्षीय प्रवेश रानाको ज्यान गएको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ । त्यस्तै, वर्ष ८ का समीर चौधरी घाइते भएका छन् । टाउकोमा चोट लागेका समीरको धनगढी स्थित निसर्ग अस्पतालमा उपचार भइरहेको छ । बच्चाहरू विद्यालयको ग्राउन्डभित्र खेल्ने क्रममा हिजो साढे २ बजे विद्यालयको मुख्य गेट एक्कासि खसेको प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ । गेट खस्दा टाउकोमा गम्भीर चोट लागेका प्रवेशलाई उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा ज्यान गएको जनाइएको छ ।

# जनप्रतिनिधिको तरकारी खेतीमा आकर्षण बढ्दो

नमस्ते समचारदाता

बाजुरा, माघ/११



बाजुरा जिल्लाको त्रिवेणी नगरपालिकाका अधिकांश जनप्रतिनिधिहरुको पछिल्लो समय तरकारी खेतीमा आकर्षण बढ्दै गएको छ । स्थानीय तहले यहाँका गाउँ बस्ती सडक सञ्जालको पहुँच तथा कृषि उत्पादनलाई पहिलो प्राथमिकता दिएसँगै पछिल्लो समय यहाँका जनप्रतिनिधिहरुको तरकारी खेतीमा निकै आकर्षण बढ्दै गएको हो । यहाँका जनप्रतिनिधिहरु बिहान दशदेखि चार बजेसम्म जनताको दैनिक कामकाज सकिएसँगै फुर्सदको समय उहाँहरु पछिल्लो समय आफ्नो खेतीबारीमा तरकारी खेती गर्नका लागि व्यस्त देखिएका छन् । यहाँका किम्नी पन्धारा छतारा तोली पुर्भुता ढडाली पन्ताली पैमा झालागाउँ पीपलसैन कालापानीमा तरकारी राम्रो उत्पादन हुन्छ । बाहिरबाट आउने बजारमा रासायनिक तरकारीको भरमा रहेका यहाँका जनप्रतिनिधिहरु अहिले आफूले गाउँमा प्रशस्त तरकारी उत्पादन गर्दै त्यो तरकारी बिक्रीका लागि यहाँका विभिन्न ठाउँमा रहेका स्थानीय बजारमा पठाउने गरेका छन् । पहिला गाउँ बस्ती सडक सञ्जालको पहुँचमा नहुँदा उत्पादन गरेका तरकारी बस्तुले राम्रो मूल्य नपाउने र ती बोकेर बजारमा लिन पनि नसकिने भएकाले यहाँका स्थानीहरु खासै तरकारी खेती गर्दैनथे । २०७५ सालदेखि २०८१ सम्म यो स्थानीय तहले यहाँका अधिकांश गाउँ बस्तीमा सडक सञ्जालको पहुँचमा गरेसँगै अहिले यहाँ उत्पादन गरेको तरकारी लिन बजारदेखि गाडी गाउँमै पुग्ने गरेका छन् । रासायनिक मलबाट उत्पादन गरेको बाहिरदेखि आउनेभन्दा गाउँमै गाई भैंसीको गोबरबाट उत्पादन गरेको तरकारीले मानव स्वास्थ्यमा निकै फाइदा गर्ने भएकाले यहाँका स्थानीयलाई समेत तरकारी खेतीमा उत्प्रेरित गर्न तरकारी खेती सुरु गर्न थालेको त्रिवेणी नगरपालिका वडा नं - ८ का वडा अध्यक्ष गगनजङ्ग बुढाले बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँमा मेरो प्रशस्त जमिन छ । त्यो जमिनमा पहिला गहुँ धान लगाउने गरेको थियो । गहुँ धान खेतीभन्दा तरकारी खेतीले फाइदा गर्ने देखिएपछि मैले त्यो जमिनमा अहिले बन्दा, काउली , रायो, मुला, खुर्सानी, धनियाँ, लसुनलगायतको तरकारी खेती सुरु गरेको छु ।" यहाँका जमिन तरकारी खेतीका लागि निकै उपयोगी भएकाले अबका दिनमा त्यो जमिनमा अन्नबालीभन्दा तरकारी खेती मात्र लगाउने योजना छ । अहिले यो सिकाइ मात्र हो । मैले जनताको काम गर्नका लागि जुन जिम्मेवारी लिएको छु । त्यो जिम्मेवारी पूरा गर्नका लागि निरन्तर उनीहरुको काममा लागिरहनुपरेकाले खासै तरकारी खेतीमा समय दिन सकेको छैन । अहिले झण्डै तीन वर्ष हुन थाल्यो । त्यसपछि यो तरकारी खेतीलाई विशेष व्यवसायको रुपमा लिने बुढाले बताउनुभयो ।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

चंखेली गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके